# सम्बत् २०७६ साल पुस ७ गते सोमबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सार्वजनिक खरिद (नवौं संशोधन) नियमावली, २०७६ स्वीकृत गर्ने । |
| २. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | विभिन्न निकायहरूमा कार्यरत कर्मचारीलाई अतिरिक्त समय काम गरेबापत भत्ता उपलब्ध गराउने |
| ३. | अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर श्री शिवराज श्रेष्ठसँग स्पष्टीकरण माग गर्ने । |
| ४. | अर्थ मन्त्रालय | साना विकास आयोजना कार्यान्वयनको लागि नेपाल तथा भारत सरकार बीच भएको सम्झौताको कार्यान्वयन गर्ने निकाय र ढाँचा तोक्ने। |
| ५. | अर्थ मन्त्रालय | Building a Resilient Churia Region of Nepal परियोजनाको लागि Green Climate Fund वाट प्राप्त हुने ३९.३ मिलियन अमेरिकी डलर अनुदान सहायता प्राप्तिका लागि वार्ता टोली गठन गर्ने । |
| ६. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | खयरबाट उत्पादन हुने बस्तुको सम्बन्धमा मिति २०७६/३/२ को नेपाल राजपत्रमा प्रकाशित निकासी पैठारी सम्बन्धी सूचित आदेशमा संशोधन गरी सूचना प्रकाशन गर्ने । |
| ७. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | आर्थिक वर्ष २०७६/७७ को लागि उखुको खरिद मूल्य प्रति क्विन्टल रु.५३६/५६ निर्धारण गर्न स्वीकृति दिने। |
| ८. | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | सर्वोच्च अदालतका न्यायाधीशहरूलाई शुरु तलवको ५० प्रतिशतसम्म प्रोत्साहन/विशेष भत्ता उपलब्ध गराउने । |
| ९. | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | पुनरावेदन समितिको अध्यक्षमा अदालतको कामकाज समेत गर्ने गरी उच्च अदालत पाटनका न्यायाधीश प्रभा वस्नेतलाई तोक्ने। |
| १०. | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | विशेष अदालतका न्यायाधीश र कर्मचारीहरुलाई शुरु तलवको २५ प्रतिशतसम्म प्रोत्साहन भत्ता/विशेष भत्ता उपलब्ध गराउने । |
| ११. | गृह मन्त्रालय | हिन्दु लामाको नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लेखित लिङ्गमा पुरुषबाट महिला कायम गर्ने गरी परिवर्तन गर्न स्वीकृति दिने । |
| १२. | गृह मन्त्रालय | हातहतियार खरखजाना सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति दिने। |
| १३. | गृह मन्त्रालय | थाइल्याण्डमा आयोजना हुने कार्यक्रममा सचिव प्रेमकुमार राईलाई सहभागी हुन स्वीकृति दिने । |
| १४. | परराष्ट्र मन्त्रालय | साईप्रसको निकोसियामा कार्यरत अवैतनिक नेपाली वाणिज्यदूत रामजीवन पन्जियारको कार्यकाल थप गर्ने । |

OPMCM

| | | |
|---|---|---|
| १५. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | काठमाडौं इन्ष्टिच्युट अफ चाइल्ड हेल्थलाई सरकारी जग्गा लिजमा उपलब्ध गराउने सम्बन्धी निर्णयको व्यहोरा संशोधन गर्ने । |
| १६. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | हेटौंडा उपमहानगरपालिकाको स्वामित्वमा रहेको जग्गा प्रहरी चौकी पदमपोखरीको नाममा स्वामित्व हस्तान्तरण गर्न स्वीकृति दिने। |
| १७. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रको कार्यकारी निर्देशक नियुक्त गर्ने । |
| १८. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | नेपाल मेडिकल काउन्सिलका रिक्त सदस्य पदमा मनोनयन गर्ने । |
| १९. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | राष्ट्रिय किताबखानामा अद्यावधिक व्यक्तिगत विवरण (PIS) अनुसार कायम भएको पदनामअनुसार समायोजन पत्र दिन स्वीकृति दिने । |

## सम्बत् २०७६ साल पुस १४ गते सोमबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १. | अर्थ मन्त्रालय | ऋण असुली न्यायाधिकरणको रिक्त बैङ्किङ्ग सदस्य पदमा नरेशराज अर्यालजाई पुनः नियुक्ति गर्ने । |
| २. | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना अन्तर्गत बाँध निर्माण गर्दा प्राप्ति गर्नु पर्ने जग्गाको क्षतिपुर्ति (राहत) स्वरुप उपलव्ध गराउन स्वीकृति प्रदान गर्ने। |
| ३. | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | विभिन्न जलविद्युत आयोजनाको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारवाही गर्ने अधिकारी तोक्ने । |
| ४. | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | अबुधावीमा हुने कार्यक्रममा सहभागी हुन ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिने । |
| ५. | गृह मन्त्रालय | नयाँ दिल्लीमा हुने कार्यक्रममा प्रमुख निर्वाचन आयुक्तलाई सहभागी हुन स्वीकृति दिने । |
| ६. | गृह मन्त्रालय | गैरकानूनी रुपमा नेपालमा वसोबास गरिरहेका इजिप्टका नागरिकहरुको भिसा दस्तुर तथा विलम्ब शुल्क मिनाहा गरी निष्कासन गर्ने । |
| ७. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | चीनको सहयोगमा निर्माण हुने चक्रपथ विस्तार गर्न आवश्यक पर्ने जग्गा अधिग्रहण गर्न स्वीकृति प्रदान गर्ने । |
| ८. | रक्षा मन्त्रालय | भारतमा आयोजना हुने कार्यक्रममा सहभागी हुन उपरथी रघु भण्डारी र सहसचिव यज्ञ प्रसाद भट्टराईलाई स्वीकृति दिने । |
| ९. | वन तथा वातावरण मन्त्रालय | नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रा.लि. काठमाडौंलाई प्रयोग गर्न दिएको जग्गा सो कम्पनीलाई पूर्ववत रूपमा प्रयोग गर्न स्वीकृति दिने । |
| १०. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | साँस्कृतिक संस्थानको अध्यक्ष र महाप्रवन्धक पदमा नियुक्त गर्ने । |

OPMCM

| | | |
|---|---|---|
| ११. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | उपभोक्ता संरक्षण नियमावली, २०७६ स्वीकृत गर्ने । |
| १२. | अर्थ मन्त्रालय | प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन मापदण्ड, २०७६ स्वीकृत गर्ने । |
| १३. | वन तथा वातावरण मन्त्रालय | सोलुखुम्बुको राष्ट्रिय वन क्षेत्रमा कवुलियती वन सञ्चालन गर्न अनुमति प्रदान गर्ने विषयको प्रस्ताव थप अध्ययनका लागि फिर्ता गर्ने । |
| १४. | वन तथा वातावरण मन्त्रालय | बागलुङको राष्ट्रिय वन क्षेत्रमा कवुलियती वन सञ्चालन गर्न अनुमति प्रदान गर्ने विषयको प्रस्ताव थप अध्ययनका लागि फिर्ता गर्ने । |
| १५. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | एक स्वास्थ्य रणनीति, २०७६ स्वीकृत गर्ने । |
| १६. | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | एकीकृत कानूनी सहायता नीति, २०७६ स्वीकृत गर्ने । |
| १७. | सङ्घीय, मामिला तथा सामान्य प्रशासन मन्त्रालय | स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७६ स्वीकृत गर्ने । |
| १८. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि २०७६ स्वीकृत गर्ने । |

**सम्बत् २०७६ साल पुस २१ गतेका बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू**

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १. | अर्थ मन्त्रालय | द्विपक्षीय र बहुपक्षीय लगानी सम्झौताको कार्यान्वयनमा सिर्जना भएका वा हुने विवादहरूको निरुपण र प्रतिरक्षा गर्नका लागि आवश्यक तयारी संयन्त्र गठन गर्ने । |
| २. | अर्थ मन्त्रालय | नेपाल धितोपत्र वोर्डको अध्यक्ष नियुक्ति गर्ने । |
| ३. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | साझेदारी ऐन, २०२० लाई संशोधन तथा एकीकरण गर्न बन्ने विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने । |
| ४. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नयाँ दिल्लीमा आयोजना हुने बैठकमा सहसचिव धुव्र घिमिरेको नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति दिने । |
| ५. | ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्रालय | ट्रङ्क लाइन तथा डेडिकेटेड फिडरबाट विद्युत आपूर्ति भइरहेकोमा विद्युत उपभोगकर्ता, उद्योगी व्यवसायीहरू र विद्युत प्राधिकरणवीच देखिएको विवादलगायतका विषय समाधानका लागि समिति गठन गर्ने। |
| ६. | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | सचिव डा. रमेश प्रसाद सिंहलाई अमेरिकाको कार्यक्रममा भाग लिन स्वीकृति दिने । |
| ७. | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र हरित जलवायु कोषबीच Accreditation Master Agreement (AMA) मा हस्ताक्षर गर्न स्वीकृति दिने । |
| ८. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | पानी जहाज दर्ता, सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने । |

| | | |
|---|---|---|
| ९. | वन तथा वातावरण मन्त्रालय | महाकाली सिँचाइ आयोजनाको नहर निर्माणका लागि थप राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने । |
| १०. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | उच्च शिक्षासम्बन्धी विधेयक र प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाससम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने । |
| ११. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सचिव श्री केदारबहादुर अधिकारीलाई बंगलादेशमा हुने नेपाल भ्रमण वर्ष, २०२० उद्घाटन कार्यक्रममा सहभागि हुन स्वीकृति दिने । |
| १२. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | अर्थ मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने । |
| १३. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | नेपाल नर्सिङ परिषद्को सदस्य मनोनयन गर्ने। |
| १४. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्वीजरल्याण्डमा आयोजना हुने कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री नेतृत्वको टोलीलाई सहभागी हुन स्वीकृति दिने । |
| १५. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | वेभसर्फर नेपाल कम्युनिकेशन सिस्टम प्रा.लि. को अनुमतिपत्र खारेज हुने गरी गरेको निर्णय र सोको जानकारी दिइएको पत्र बदर गर्ने । |
| १६. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | स्मार्ट टेलिकम प्रा.लि. को अनुमतिपत्र खारेज हुने गरी गरेको निर्णय र सोको जानकारी दिइएको पत्र बदर गर्ने । |
| १७. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल स्याटलाईट टेलिकम प्रा.लि. को अनुमतिपत्र खारेज हुने गरी गरेको निर्णय र सोको जानकारी दिइएको पत्र बदर गर्ने। |

## सम्बत् २०७६ साल पुस २८ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | Bangkok मा आयोजना हुने कार्यक्रममा सहभागी हुन अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त डा .गणेशराज जोशीलाई स्वीकृति दिने । |
| २. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | चीनमा हुने कार्यक्रममा लोक सेवा आयोगका अध्यक्षको नेतृत्वको टोलीलाई सहभागी हुन स्वीकृति दिने । |
| ३. | अर्थ मन्त्रालय | युरोपेली लगानी बैङ्कबाट प्राप्त हुने करिब रु.१२ अर्व ७६ करोड ऋण सहायता स्वीकार गर्ने । |
| ४. | अर्थ मन्त्रालय | कृष्णनगर भन्सार कार्यालयको यार्ड विस्तार कार्यको लागि जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने । |
| ५. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.बाट खरिद भएको जस्तापाता खुला बजारमा बिक्री वितरण गर्दा नाफा नोक्सानको फाइदा वा जोखिम व्यापारिक संस्था स्वयंले व्यहोर्ने भएकोले प्रस्ताव फिर्ता गर्ने। |
| ६. | कानुन, न्याय,तथा संसदीय मामिला मन्त्रालय | नेपाल र जनवादी गणतन्त्र चीनबिच फौजदारी विषयमा पारस्परिक कानूनी सहायता सम्बन्धी सन्धिलाई स्वीकृत गर्ने । |

| | | |
|---|---|---|
| ७. | कानुन, न्याय,तथा संसदीय मामिला मन्त्रालय | सात वटै प्रदेशस्तरमा आयोजना हुने परामर्श कार्यक्रमका सहभागीहरूलाई खर्च उपलब्ध गराउने । |
| ८. | परराष्ट्र मन्त्रालय | विदेशस्थित नेपाली नियोगहरूका स्थानीय कर्मचारीहरूको पारिश्रमिक वृद्धि गर्ने । |
| ९. | परराष्ट्र मन्त्रालय | संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषदमा पुनः निर्वाचनका लागि ३० लाख र CEDAW समितिको सदस्य पदमा पुनः निर्वाचनका लागि १० लाख संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोग, न्यूयोर्कलाई उपलब्ध गराउने। |
| १०. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | झापा जिल्ला महारानीझोडा, लखनपुर, सतासीधाम, शिवगंज, धरमपुर, तोपगाछी क्षेत्रको जग्गा दर्तासम्बन्धी समितिको म्याद थप गर्न स्वीकृति दिने । |
| ११. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | झापा जिल्ला गौरादह नगरपालिकाअन्तर्गतको जग्गा दर्तासम्बन्धी समितिको म्याद थप गर्न स्वीकृति दिने । |
| १२. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | अरनिको राजमार्गको कोटेश्वर जडिबुटी खण्डको सडक विस्तार गर्न जग्गा र घर अधिग्रहण गर्न स्वीकृति प्रदान गर्ने। |
| १३. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | हुलाकी राजमार्ग विस्तार तथा स्तोरोन्नतिको लागि जग्गा अधिग्रहण गर्न स्वीकृति प्रदान गर्ने । |
| १४. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | निर्माणाधिन लामोसाँघु –जिरी सडक खण्डमा पर्ने सुनकोशी नदी पुलको निर्माण क्षेत्रमा पर्ने आवश्यक जग्गा अधिग्रहण गर्न स्वीकृति प्रदान गर्ने । |
| १५. | वन तथा वातावरण मन्त्रालय | बृहत जलाधार व्यवस्थापन केन्द्र, गण्डकीका प्रमुखलाई जलाधार संरक्षण अधिकृत तोक्ने र भू-तथा जलाधार संरक्षण समिति, कास्कीलाई पुनर्गठन गर्ने। |
| १६. | वन तथा वातावरण मन्त्रालय | संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ बमोजिम रक्तचन्दन उत्पत्ति मुलुक भारत फिर्ता लैजान स्वीकृति दिने। |
| १७. | वन तथा वातावरण मन्त्रालय | तामाकोशी-काठमाडौं २२०/४०० के.भी. प्रसारणलाईनलाई राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने । |
| १८. | वन तथा वातावरण मन्त्रालय | कार्बन व्यापारमार्फत विश्व बैंकबाट भुक्तानी प्राप्त गर्न वार्ता टोली गठन गर्ने । |
| १९. | वन तथा वातावरण मन्त्रालय | हेटौंडा-ढल्केबर-दुहबी ४०० के.भी. प्रसारणलाईनलाई राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने । |
| २०. | वन तथा वातावरण मन्त्रालय | रुकुमगाड जलविद्युत आयोजनाको ३३ के.भी. प्रसारणलाइनलाई राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने । |
| २१. | वन तथा वातावरण मन्त्रालय | थाइल्याण्डमा हुने कार्यक्रममा राष्ट्रपति चुरे तराई संरक्षण विकास समितिको अध्यक्ष नेतृत्वको टोलीलाई सहभागी हुन स्वीकृति दिने । |
| २२. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | राष्ट्रिय विधि-विज्ञान प्रयोगशाला सञ्चालनको विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति प्रदान गर्ने । |

| | | |
|---|---|---|
| २३. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | वायुसेवा सञ्चालन गर्ने संस्थाका सञ्चालकहरूमध्येबाट नेपाल सरकारबाट मनोनीत सदस्यहरू हटाउने र नागरिक उड्डयन सम्बन्धमा विशेष योग्यता हासिल गरेका दुई जना सदस्य मनोनीत गर्ने। |
| २४. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | जिल्ला समन्वय समितिको कार्यालय, बैतडीको स्वामित्वमा रहेको जग्गा पुर्चौडी नगरपालिका बैतडीको नाममा स्वामित्व हस्तान्तरणको लागि स्वीकृति दिने। |
| २५. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सिद्धिचरण नगरपालिका, ओखलढुंगाको स्वामित्वमा रहेको जग्गा उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाको नाममा स्वामित्व हस्तान्तरणको लागि स्वीकृति दिने। |
| २६. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | विभिन्न स्थानीय तहहरुलाई जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने । |
| २७. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | राजपत्रांकित प्रथम श्रेणी सहसचिव वा सो सरहका कर्मचारीहरूको सरुवा गर्ने । |
| २८. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्पाइनल इन्जुरी हुने गरी कुटपिट गर्ने कार्यमा संलग्न सम्बन्धित प्रहरी कर्मचारीलाई कारबाही गर्ने । |
| २९. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सचिव डा.पुष्पा चौधरीले दिनु भएको राजीनामा स्वीकृत गर्ने। |
| ३०. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | लैंगिक हिंसा निवारण कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०७६ स्वीकृत गर्ने । |
| ३१. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७५ थप परिमार्जनका लागि फिर्ता गर्ने । |
| ३२. | शहरी विकास मन्त्रालय | शहरी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ स्वीकृत गर्ने । |
| ३३. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण (पहिलो संशोधन) नियमावली, २०७६ स्वीकृत गर्ने । |
| ३४. | गृह मन्त्रालय | केन्द्रीय अनुसन्धान ब्यूरो (स्थापना र कार्य सञ्चालन) (पहिलो संशोधन) नियमावली, २०७६ स्वीकृत गर्ने। |
| ३५. | अर्थ मन्त्रालय | निवृत्तभरण कोष नियमावली २०७६ स्वीकृत गर्ने । |
| ३६. | अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर शिवराज श्रेष्ठको निलम्बन फुकुवा गर्ने । |

OPMCM